स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

प.सं. :२०८२।०८३
च.नं. :

## तह वृद्धि सम्वन्धी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशन मितिः २०८२/०९/०१)*

*ने.सं. ११४६ थिंलाथ्व द्वादशी, मंगलबार*

बागमती प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (२) तथा दफा ३० को उपदफा (१) बमोजिम स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्ने प्रावधान रहेको हुँदा यस गाउँ कार्यपालिकाको कार्यालयमा नियुक्ति तथा सरुवा भई कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्ने प्रयोजनार्थ तपसिल बमोजिमका कागजातहरु संलग्न गरी मिति २०८२ साल पौष मसान्त सम्ममा यस कार्यालयमा आवेदन पेस गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

- रीतपूर्वकको आवेदन,
- सुरु नियुक्ति पत्रको प्रतिलिपि,
- सरुवा तथा रमानाको प्रतिलिपि, (सरुवा भई आएका कर्मचारीको लागि)
- समायोजन पत्र, (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि)
- बढुवा/तह मिलान/तह वृद्धि भएको भए सो सम्बन्धी कागजातको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्ला ५ (पाँच) आर्थिक बर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम।

...............................
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

Website: www.bagmatimunmakawanpur.gov.np
Email: bagmatimun.makwanpur@gmail.com